## हाम्रो कला हाम्रो संस्कृति
## मध्यपुर थिमि हाम्रो सम्पत्ति

मध्यपुर थिमि नगरपालिकाको न्यायिक समितिको हालसम्मको न्याय निरुपण सम्बन्धित

# प्रतिवेदन


प्रस्तोता

नगर उप-प्रमुख

विजय कृष्ण श्रेष्ठ

संयोजक

न्यायिक समिति


मिति:- २०७९/१०/०८

CS CamScanner

हाम्रो कला हाम्रो संस्कृति
मध्यपुर थिमि हाम्रो सम्पत्ति

स्थानीय सरकार

# मध्यपुर थिमि नगरपालिका
# न्यायिक समिति

पदाधिकारीः

| | | |
|---|---|---|
| श्री विजय कृष्ण श्रेष्ठ | संयोजक | न्यायिक समिति |
| श्री रञ्जय कार्की | सदस्य | |
| श्री तुल्सीराम प्रजापति | सदस्य | |

नगरसभाका आदरणीय सभाध्यक्षज्यू,

प्रमुख प्रशासकीय अधिकृतज्यू,

नगर सभासद्ज्यूहरू,

राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरू लगायत उपस्थित सम्पूर्ण महानुभावहरू।

नेपालको संविधानले स्थानिय सरकारमा, कार्यपालिका, व्यवस्थापिका न्यायपालिकाको उपस्थितिको व्यवस्था गरे अनुरुप स्थानीय तहले आत्मसात गर्दै अगाडी बढि रहेको बर्तमान परिप्रेक्ष्यमा मध्यपुर थिमि नगरपालिकापनि संविधान अनुरुप नै अगाडी बढेको छ । जनतालाई दिनुपर्ने अधिकार आफ्नै घर आँगनसम्म पुर्याउने, संविधानको मर्म अनुरुप नगरपालिकापनि अगाडी बढेको छ । स्थानीय स्तरमा आईपर्ने विवादहरु स्थानिय स्तरमै निरुपण गर्न सकियोस, जनतालाई न्यायका लागि कुर्न नपरोस,अनावश्यक झन्झट झेल्न नपरोस,जनताले दु:ख हैरानि खेप्न नपरोस,स-साना बिबादका खातिर अदालतसंम्म धाउन नपरोस भन्ने हेतुले संविधान मै स्थानिय स्तरमा न्यायिक समितिको ब्यवस्था सहित केही संबैधानिक अधिकार समेत न्यायिक समितिलाई प्रदान गरेको छ ।स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद -८ मा न्यायिक कार्य सम्बन्धी ब्यबस्था गरिएको छ । जसमा दफा ४७,(१) मा विवाद निरुपण गर्ने अधिकार दिएईको छ जसमा क देखि ङ सम्मका २५ लाख रुपैयासम्मको बिगो भएको घर वहालसम्मको बिबाद निरुपण गर्ने अधिकारहरु दिइएको छ भने मेलमिलापको माध्यमबाट निरुपण गर्ने गरि क देखि ट सम्मका एक बर्षसम्म कैद गर्न सकिने मुद्दा समेत मिलापत्र मार्फत निरुपण गर्न सकिने गरि अधिकार दिएको छ ।
मिति २०७९।०४।११ मा नगरसभाका सम्पुर्ण नगर सभासद ज्यूहरुको भेलाबाट न्यायिक समिति गठन पश्चात् जम्मा २७ वटा मुद्दा न्यायिक समितिमा दर्ता भएका छन् । जस मध्ये ६ वटा मुद्दा मिलापत्र मार्फत र एक फैसला मार्फत फछ्र्यौट भएको छ । अरु मुद्दा कारवाहि कै प्रक्रियामा रहेको छ । धेरै बिबादहरु स्वबासी जग्गा र सम्पत्तीको हकबेहक सम्बन्धी मुद्दा हरु आउने गरेको छ त्यस्ता प्रकृतिका मुद्दाहरु दुईपक्ष राखी छलफल गरि टुङ्गाउने गरिएको छ । त्यस्ता दर्ता नगरिएका पचास भन्दा बढि बिबाद मिलाई नापी टोलिबाट पुर्जा समेत प्राप्त गरि सकेको छ । जुन बिबादहरु लामो समयदेखी बिवादित थिए दुईपक्ष बिच बोलचाल समेत बन्दको अबस्थामा थियो तर हामिले न्यायिक समितिमा राखेर सम्झाई बुझाई यस्ता कुरा मिलाउदा दुवैपक्ष हासेर हात मिलाएर गएको देख्दा मिलापत्रबाट मुद्दा टुङ्गाउनु नै असल पक्ष रहेको हामीले पायौं ।

अहिलेसम्ममा न्यायिक समितिमा प्राप्त मुद्दाहरु मध्ये जटिल रुपमा देखा परेको सहकारी संस्थाको मुद्दा प्रमुख रहेको छ जसले मध्यपुर थिमिमा जनताहरुको २५ करोड

CS CamScanner

भन्दा माथी आर्थिक हिनामिना गरेको र बचतकर्ताको बचत फिर्ता नदिएको बचतकर्ताहरुको गुनासो छ । बचतकर्ताको बचत फिर्ता दिलाउने तथा दोषी माथिको कारबाहिको मागको मुद्दा अहिले कारबाही प्रक्रियामा रहेको छ । न्यायिक समितिबाट अध्यक्ष तथा सो सहकारीका सन्चालक समितिको चलअचल सम्पत्ति रोक्का गरि कारबाही प्रक्रिया अगाडी बढाईएको छ । हालसम्म देशभरिका मालपोत कार्यालयमा रहेका २२ कित्ता जग्गाहरु न्यायिक समितिबाट रोक्का गरिएको अवस्था छ । तर ती जग्गाहरु मध्य धेरै जग्गाहरु पहिले नै अरु संस्थामा रोक्का रहेको पाईएको छ र थप कारबाही कसरी अगाडी बढाउने भन्ने बिषयमा बिज्ञहरुसँग छलफलको क्रममा छौं ।

त्यस्तै निलवाराही हाउजीङ कम्पनीबाट मिति २०६३।०१।१८ तत्कालिन नगर बिकास प्राधिकरण भक्तपुर मार्फत जग्गा बिकास स्वीकृति लिइ गरिएको जग्गा बिकासको योजनामा बदमासी भएको देखिन्छ । सार्वजनिक खुल्ला ठाउँको रुपमा छुट्टाईएको जग्गा बिक्रीबितरण भएको र नगरपालिकाबाट समेत नक्सापास भइ घर निर्माणको चरणमा रहेकोमा स्थानिय बासिन्दाबाट सार्वजनिक जग्गामा घर निर्माण गरेको उजुरी प्राप्त भए पश्चात सो जग्गामा निर्माणाधीन घरको नक्सापास रोक्का गरि न्यायिक समिती मार्फत कारबाहिको प्रकृयामा रहेकोछ । यसको अनुसन्धानको क्रममा सो कित्ता,जग्गा बिकासको योजनाको क्रममा पार्किंगको रुपमा राखिएको देखियो,जुन तिनिहरुले पेश गरेको जग्गा बिकासको प्रस्तावित नक्सा र हालको नक्सामा स्पष्ट देख्न सकिन्छ । साबिक वडा नं ९ कित्ता नं ६०६, १९०२, र १८२४ क्षेत्रफल ०-८-२-० open space म थि न पा वडा नं ३ (हाल९) सिट नं १०२ -११९१-१५ कित्ता नं ७३,र त्यो बाहेक अर्को पार्किंग क्षेत्र कित्ता नं ५९८ र ५९९ क्षेत्रफल ०-१-३-० म थि न पा वडा नं ३ (हाल९) सिट नं १०२ -११९१-१५ कित्ता नं११७, (भूमिसुधार तथा मालपोत कार्यालयको चलानी नं १९९६९ मिति २०७९।०२।१७ मा क्षेत्रफल (८०.६०ब.मि.)उल्लेख भएको जग्गा जुन हाल र साबिक नक्सा ओभरल्यापबाट पनि स्पष्ट हुन्छ भने सो जग्गाको बाकी जग्गा सबै कित्ताकाट गरि बाटो कायम गरिएको छ । सो बिषयमा नगर बिकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय भक्तपुर र मालपोत कार्यालय भक्तपुरलाई पत्राचार गरि बुझ्ने काम भयो जिल्ला आयुक्तको कार्यालय भक्तपुरबाट सो बिषयमा सार्वजनिक जनाई कित्ता कायम गर्न मालपोत कार्यालयलाई पत्राचार भएको तर कायम नगरिएको जानकारी प्राप्त भयो । मालपोतबाट जानकारी प्राप्त भएको छैन । यी दुई कारबाही प्रकृया कार्यपालिकाको बैठकबाट थप कारबाहिको लागि स्वीकृति प्राप्त गरि कारबाही प्रक्रियामा रहेको छ ।

स्थानिय सरकार संचालन ऐनको दफा ४७ मा न्यायिक समिती नगरसभाबाट गठन हुनुपर्ने प्रक्रिया रहेकोमा छैठौं नगरसभाबाट भुलबस एजेन्डा पेश हुन छुटेको हुदा मिति २०७९।१०।०८ मा मम्पुर्ण नगर सदस्यहरुको भेलाबाट गठन भएको न्यायिक समितीलाई यस बैठकबाट अनुमोदनका लागि पेश गरेका छौं । त्यस्तै स्थानिय सरकार संचालन ऐनले न्यायिक कार्यबिधी पनि नगरसभाबाट पारित गर्नुपर्ने ब्यबस्था रहेको हुदा न्यायिक समिती संचालन कार्यबिधी पनि यस गरिमामय सभाबाट पारित गर्ने गरि प्रस्तुत गरिएको छ ।

देशमा संघिय व्यवस्था लागु भएपछी संविधानबाटै स्थानीय सरकारलाई मजबुत बनाउने नीति अनुरुप संवैधानिक व्यवस्था गरेको छ । जनतालाई टाढा धाउन नपर्ने

गरि आफ्नै गाउँ, नगरमा सेवा प्रदान गर्ने कल्पना गरेको छ। सोहि अनुरुप संवैधानिक अधिकार प्रदान गरिएको छ। संविधानले स्थानीय तहलाई २२ वटा एकल अधिकार प्रदान गरिएको छ। आफ्नो अधिकार क्षेत्रभित्र पुर्जा वितरण लगत व्यवस्थापन, कित्ताकाट, भु-बर्गिकरण, जग्गा विवाद समाधान, आधारभुत शिक्षा, स्वास्थ्य, सहकारीकृषि, महिला,जेष्ठ नागरिक, अपांगता, अशक्त, बेरोजगार, लगायत स्थानीय सरकारको एकल अधिकार क्षेत्र भित्र पर्दछ।

तर संविधानले निर्दिष्ट गरेको अधिकार स्थानीय सरकारलाई प्राप्त नहुदा कार्यान्वयनमा समस्या भैरहेको छ। मालपोत, जग्गा रजिष्ट्रेसन,लगायतका अधिकार नगरमा प्राप्त नहुदा समस्या भएको छ। न्यायिक समितिमा पनि दफा ४७ को १ को (ङ) मा संघिय सरकार तथा प्रदेश सरकारबाट स्थानियतर्फबाट निरुपन हुने बिबाद भनि उल्लेख गरिएको छ , तर ति बिबाद तथा अधिकार के के हो भनि स्पष्ट नहुदा कार्यान्वयनमा समस्या भैरहेको छ।

मध्यपुर थिमि नगरपालिकाले सहकारी ऐन जारी गर्ने क्रममा सहकारीमा समस्या आए त्यसको प्रारम्भिक सुनुवाई न्यायिक समितिबाट हुने व्यवस्था भएबाट,हाल न्यायिक समितिबाट त्यसको सुनुवाई भईरहेको छ। जसले जनतालाई न्याय प्राप्तिमा स्थानीय तहबाटै सहयोग भैरहेको छ।

अत: संविधान मै भएको व्यवस्था स्पष्ट बनाइदिए कार्यान्वयानमा सहजता हुने थियो। त्यसैले नगरपालिकाले ऐन बनाउने क्रममा जनतालाई सहज हुनेगरी न्यायिक समितिबाट फैसला सुनुवाई गर्न सकिने गरी स्पष्ट व्यवस्था हुनु जरुरी छ।

ऐन नियम कानूनको स्पष्टताले जनतामा न्याय छिटो छरितो पाउने अवस्थाको सुनिश्चितता गर्दछ। जय मध्यपुर।

विजय कृष्ण श्रेष्ठ
संयोजक न्यायिक समिति
मध्यपुर थिमि नगरपालिका